# टिप्पणी
## (चतुर्थ भाग)

**आर्थिक दृष्टिले काममा भएका र नभएका जनसंख्या :-**

१. राष्ट्रिय जन गणनाबाट ज्ञात हुन सक्ने विभिन्न महत्वपूर्ण विषयहरु मध्येको यो एक महत्वपूर्ण विषय हो । यसबाट देशको जनसंख्या जीबिकोपार्जन र आर्थिक पैदायसको काममा कति संख्यामा कुन किसिम संग, र कुन तहमा संलग्न रहेछन् भन्ने चतुर्दिक ज्ञान भई देशको आर्थिक र सामाजिक स्थितिको राम्रो परिचय हुन आउँदछ । देशको सुदृढ आर्थिक विकासको लागि गरिने बिभिन्न योजनाहरुको तर्जुमा गर्नेहरु, प्रशासकहरु र समाजशास्त्रीहरुको लागि पनि यो विषय निकैनै महत्वको हुन जान्छ । त्यस कारण सबै देशहरुको जनगणनाहरुमा यस बिषय प्रति विशेष अभिरुचि र तदारुकता देखाइएको पाइन्छ । खासगरी हाम्रो जस्तो विकासोन्मुख देशहरुमा जहाँ अरु आर्थिक तथ्याङ्कको अभाब छ, यही जनगणनाबाट आउने तथ्याङ्क एक मात्र नै आर्थिक स्थितिको ज्ञानको लागि एक मात्र उपाय हुन जान्छ । धेरै पश्चिमी देशहरु, जहाँ यस्तो किसिमको लगत बराबर अरु बिभिन्न श्रोतहरुबाट पनि उपलब्ध हुन सक्तछन्, त्यस्तो देशहरुमा पनि जनगणनाबाट प्राप्त हुन आउने यो आर्थिक तथ्याङ्कहरुलाई भूल तथ्याङ्क (Bench Mark Statistics) मानिन्छ ।

२. आर्थिक पैदायसको कामा देशको मानब शक्ति कसरी बिभाजित भएको रहेछ, सो कुराको जानकारीको लागि बिश्व भरीको आजसम्म भएका जनगणनाहरुमा जम्मा दुई किसिमको दृष्टिकोण अपनाइएको पाउदछौं । त्यस मध्ये एक हो आमद हुने कामको दृष्टिकोण (gainful works concept) र दोस्रो चाहीं कुनै एक निर्धारित छोटो अबधि (१ हप्ता, १५ दिन वा १ महिना, बिशेष गरी १ हप्ता) मा ब्यक्तिले गरेको काम (activity) सोधी आर्थिक दृष्टिले काममा भएको (Economically Active) वा नभएको (Not Economically Active) छुट्याउनु । यो दोस्रो किसिमको दृष्टिकोणलाई श्रमशक्ति दृष्टिकोण (Labour Force Concept) भन्दछन् ।

३. धेरै नै औद्योगिकरण भइसकेका पाश्चात्य देशहरुमा, जहाँ बिक्रीको दृष्टिकोणबाट नै धेरै जसो आर्थिक उत्पादनहरु गरिन्छन्, अर्थात जहाँ बिक्रीको लागि गरिने उत्पादन (Market Economy) को बढी प्रादुर्भाब हुन्छ, त्सस्तो देशहरुमा श्रम बजार (Labour Market) को अक्सर अद्‌ला बद्‌ली भइ रहने संभाबना भएबाट श्रमिकहरुको कामको स्थिति (Activity Status) ब्यवसाय (Industry) र आर्थिक स्तर (Economic Status) पनि बदलिइ रहने बढी संभावना रहन जान्छ, त्यसैले त्यस्तो देशहरुमा श्रमिकहरुले तोकिएको छोटो अबधि भित्र गरेको काम सोधिन्छ र त्यसैद्धारा ब्यक्तिको कामको स्थिति, ब्यवसाय, पेशा, आर्थिक स्तर इत्यादि छुट्याइन्छ ।

तर हाम्रो जस्तो कृषि प्रधान देशमा, जहाँ आर्थिक उत्पादनहरु ब्यापारिक दृष्टिकोणबाट भन्दा बढी आफै उपभोग गर्ने दृष्टिले पैदा गरिन्छ, त्यस्तो देशहरुमा हरेक ब्यक्तिले आफूले अकसर गर्ने काम (A Person's Usual Role) धेरै जसो निश्चित नै रहन्छ र छोटो अबधि मैं बदलिइ रहँदैन । त्यस्तो देशहरुमा ब्यक्तिले अक्सर गर्ने कामको किसिम मात्र सोधी आमद आउने काम (Gainful Works) मा लागेका र आमद नहुने काम (Non Gainful Works) मा लागेकाहरु छुट्याई उनीहरुको पेशा, ब्यवसाय, छुट्याउन सम्भव हुन्छ ।

४. हाम्रो देशमा भएको २००९/११ को जनगणनामा एकै पटक उपरोक्त किसिमको दुबै दृष्टिकोण आमद हुने कामको दृष्टिकोण (gainful works concept) र श्रमशक्ति दृष्टिकोण (Labour Force Concept) अपनाइए तापनि श्रमशक्ति दृष्टिकोण प्रतिपादन गर्ने प्रश्न, प्रश्न नं. १० (क) "हाल काममा छौं ?" लाई गौण मानी मुख्यतया प्रश्न नं. ८, "आफ्नो कमाईले आफ्नो पेट पालेका छौं कि ? पेट पालेको भए,

क. कुन पेशाले ? त्यो पेशामा के कस्तो किसिमको काम छ ?
ख. १) अरुलाई काम लगाउने, २) अरुको काम गर्ने, ३) आफ्नै निजी काम गर्ने के हो ?" र प्रश्न नं. ९ " आफ्नो कमाईले आफ्नो पेट पाल्न नसक्ने भए, जसमा भर पर्नु पर्दछ त्यस मानिसको पेशा के हो ? त्यो पेशामा के कस्तो

किसिमको काम छ ? " मा नै भरपरी पहिलो दृष्टिकोण अर्थात आमद हुने कामको दृष्टिकोणलाई नै अपनाएको देखिन्छ ।

तर २०१८ सालको गणनामा भने श्रमशक्ति दृष्टिकोण (Labour Force Concept) अपनाएको कुरा आर्थिक दृष्टिले काममा भएको र काममा नभएको (Economically Active and Not Economically Active) छुट्याउन गरिएको निम्न लिखित परिभाषाबाट नै स्पष्ट हुन्छ " बितेको भाँडा, हात एक बर्ष भित्र खेती, ब्यापार, उद्योग धन्दा ( तान बुन्ने, तेल पेल्ने, सिउने, हतियार बनाउने) र कुनै सेवा (पढाउने, भान्छे, नोकर) आदि मध्ये जुनसुकै काम गरी सो काम गरे बापत नगद वा जिन्सी जम्मा जेमा भएपनि तलव, ज्याला, मेहनत आना, नाफा लिएको छ भने आमद गरेको ठहर्दछ । यस्तो काम बर्ष भरि पूरा नगरेको भए तापनि एक बर्षमा कमसेकम ७/८ महिना काम गरेको ब्यक्ति र तलब ज्याला भने लिन नपाउने, तर आफ्नो घरको कुनै ब्यक्तिले गरेको काम सघाउने समेत आमद आउने काम गर्नेमा नै लेखिनु पर्दछ । खेतीमा मिचामिचको बेलामा काम सघाउने अरु ब्यवसायमा बिहान बेलुकी काम सघाउने गरी बर्षभरिमा कमसेकम ४ महिना काम गर्नेलाई काम सघाउने मानिन्छ । "

र " खेती गर्दा वा अरु काम गर्दा नोक्सानी परेमा पनि आमद हुने काम गरेकै ठहर्दछ । गणना समयमा मात्र का नभएको र नयाँ कामको खोजीमा हिंडेकालाई पनि आमद हुने काम गरेकै मान्नु पर्दछ र उनीहरुले साबिकमा गरेको कामको पेशा खुलाउनु पर्दछ । तर कैफियतमा भने हाल काममा नभएको खोजीमा भनी जनाइदिनु पर्दछ । "

६. यस किसिमसँग २०१८ को गणनामा श्रमशक्ति दृष्टिकोण नै अपनाइए तापनि श्रमशक्ति दृष्टिकोणमा ब्यक्तिले, " कुनै एक निर्धारित छोटो अवधि भित्र " गरेको काम सोधिनु नै मुख्य तत्व मानिएकोमा ब्यक्तिले " बितेको एक बर्ष भित्र " गरेको कामको सोधनी भइ श्रम शक्ति दृष्टिकोणको उद्देश्यलाई निकै नै लच्किलो (Flexible) तुल्याई दिएको छ ।

हुन त देशानुकूल वातावरण हेरी ब्यक्तिले गरेको काम निर्धारण गर्ने अबधि लामो वा छोटो दुबै गर्न सकिने ब्यवस्था पनि श्रमशक्ति दृष्टिकोणमा नसोचिएको होइन, तर " निर्धारण अबधि " (Time Reference Period) जति जति लामो हुँदै गयो उति उति मात्रामा यो श्रमशक्ति दृष्टिकोणको उद्देश्य प्रतिकूल हुने भएकोले नै श्रमशक्ति दृष्टिकोणमा " निर्धारित छोटो अबधि " माथि जोड दिइएको हो ।

७. यसरी दुइ भिन्न भिन्न दृष्टिकोणहरु अपनाई दुइ गणना काल (२००९/११ र २०१८ साल) मा गरिएका गणनाहरुले देखाएको आर्थिक दृष्टिले काममा भएका र आर्थिक दृष्टिले काममा नभएका जनसंख्या परस्पर दाँजो गर्नु सम्भब नभए तापनि ती दुइ गणनाहरुले देखाएको मोटामोटी भिन्नता तलको तालिकामा दर्शाइएको छ । पुनश्चः २००९/११ को गणनामा आर्थिक दृष्टिले काममा लागेका र नलागेका छुट्याउनको लागि गरिएको प्रश्न सबै उमेरको तहमा गरिएको, तर २०१८ को गणनामा भने सो प्रश्न १५ बर्ष र सो भन्दा माथिको उमेरको तहकालाई मात्र गरिएको हुँदा दुइ गणना बीच दाँजो गर्न १५ बर्ष र सो भन्दा माथिको उमेरका जनसंख्याको मात्र प्रतिशत तलको तालिकामा देखाइएको छ ।

## तालिका सं. १ आर्थिक दृष्टिले काममा भएका र आर्थिक दृष्टिले काममा नभएकाको जनसंख्या १५ बर्ष र सो भन्दा माथिका उमेरको जम्मा जनसंख्याको प्रतिशतमा, लिङ्ग, तथा प्रदेश अनुसार ।
## २००९/११ र २०१८ साल

| आर्थिक सिथिति | १५ बर्ष माथिका जम्मा जनसंख्या | | | | | | आर्थिक दृष्टिले काममा भएका | | | | | | आर्थिक दृष्टिले काममा नभएका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २००९/११ | | | २०१८ | | | २००९/११ | | | २०१८ | | | २००९/११ | | | २०१८ | | |
| प्रदेश | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी |
| नेपाल | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ७६.८ | ९५.१ | ६०.० | ७६.१ | ९४.१ | ५९.४ | २३.२ | ४.९ | ४०.० | २३.९ | ५.९ | ४०.६ |
| पूर्व पहाड | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ८२.४ | ९४.९ | ७१.४ | ७८.७ | ९३.७ | ६५.५ | १७.६ | ५.१ | २८.६ | २१.३ | ६.३ | ३४.५ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ७५.४ | ९५.४ | ५७.७ | ८७.२ | ९५.८ | ७९.५ | २४.६ | ४.६ | ४२.३ | १२.८ | ४.२ | २०.५ |
| पूर्व तराई | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ६६.१ | ९७.२ | ३६.४ | ६६.८ | ९५.६ | ३८.४ | ३३.९ | २.८ | ६३.६ | ३३.२ | ४.४ | ६१.९ |
| पूर्व तराई (महोत्तरी बाहेक) | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | * | * | * | ६६.३ | ९५.५ | ४२.८ | * | * | * | ३०.७ | ४.५ | ५७.२ |
| महोत्तरी | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | * | * | * | ५८.० | ९५.९ | २३.३ | * | * | * | ४२.० | ४.१ | ७६.७ |
| काठमाडौं उपत्यका | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ६६.३ | ८९.५ | ४३.३ | ६५.६ | ८३.९ | ४६.८ | ३३.७ | १०.५ | ५६.७ | ३४.४ | १६.१ | ५३.२ |
| पश्चिम पहाड (क+ख) | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ८१.३ | ९४.१ | ६९.९ | ८१.८ | ९४.१ | ७०.९ | १८.७ | ५.९ | ३०.१ | १८.२ | ५.९ | २९.१ |
| पश्चिम पहाड (क) | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | * | * | * | ८०.२ | ९३.५ | ६९.० | * | * | * | १९.८ | ६.५ | ३१.० |
| सु.प.पहाड (ख) | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | * | * | * | ८३.४ | ९४.६ | ७३.२ | * | * | * | १६.६ | ५.४ | २६.८ |
| म.भि.मधेश | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ८७.० | ९५.७ | ७८.५ | ८३.६ | ९४.९ | ७२.० | १३.० | ४.३ | २१.५ | १६.४ | ५.१ | २८.० |
| प.भि. मधेश | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ७३.१ | ९६.५ | ४९.८ | ६१.७ | ९५.४ | २८.० | २६.९ | ३.५ | ५०.२ | ३८.३ | ४.६ | ७२.० |
| पश्चिम तराई | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ७४.६ | ९८.१ | ५०.८ | ७२.८ | ९६.९ | ४८.१ | २५.४ | १.९ | ४९.२ | २७.२ | ३.१ | ५१.९ |
| सुदूर प.तराई | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | ७८.४ | ९६.४ | ५८.४ | ७३.५ | ९६.४ | ४८.३ | २१.६ | ३.६ | ४१.६ | २६.५ | ३.६ | ५१.७ |

८. उपरोक्त तालिका सं. (१) बाट प्रत्येक प्रदेशहरुको १५ बर्ष र सो भन्दा माथिका जनसंख्या जम्मा (नर, नारी दुबै), नर र नारीहरुलाई १००-१०० प्रतिशत मानी आर्थिक दृष्टिले कामा भएका कति प्रतिशत र आर्थिक दृष्टिले काममा नभएका कति प्रतिशत रहेछन् भनी हेर्दा सम्पूर्ण अधिराज्यमा २००९/११ सालको गणनाले देखाएको आर्थिक दृष्टिले काममा भएकाहरुको प्रतिशत भन्दा २०१८ सालको गणनाले देखाएको प्रतिशत केही कम हुन गएको देखिन्छ ( २००९/११ मा जम्मा, नर र नारी क्रमशः ७६.८ %, ९५.१ % र ६०.० % बाट २०१८ मा ७६.१ %, ९४.१ % र ५९.४ %) तापनि यसबाट दुइ गणनाकालको अन्तरका ७-९ बर्षहरु भित्र जनसंख्या बृद्धिको समानुपातमा कामका औसरहरु (Job Oppertunities) बढ्न नसक्नाको कारणले आर्थिक दृष्टिले काममा नभएकाहरुको प्रतिशत बढ्न गएको हो भन्न सकिंदैन, किनकि २००९/११ साल र २०१८ सालको गणनाले देखाएको स्थितिमा भएको परिवर्तन नगण्य देखिन्छ र यस्तो भिन्नता (प्रतिशतमा देखिएको) कामका औसरहरुमा भएको परिवर्तनले भन्दा बढी दुइ गणनाहरुमा आर्थिक दृष्टिले काममा भएका र नभएकाहरु छुट्याउन गरिएका भिन्दा भिन्दै ढंगका प्रश्नहरुको कारणले गर्दा भएको हुन सम्भव छ । निःसन्देहनै २००९/११ को गणनामा गरिएको प्रश्न " आफ्नै कमाइले आफ्नै पेट पालेका छौ कि ?" ; २०१८ को गणनामा बिस्तृत रुपले ब्याख्यान गरिएको प्रश्न " कुनै आमद हुने काममा छौ कि ?" भन्दा बढी वैयक्तिक अर्थ लाग्ने हुन गएको छ [गणकहरुलाई दिएको नियम निर्देशन (२००९/११सालमा) यस्तो हुन नपावोस भन्ने विषयतर्फ उचित ध्यान पुऱ्याइएको भए तापनि] र गणकले र जवाफ दिनेले भिन्दै, भिन्दै अर्थमा बुझी सोधिन औ जवाफ लेखिन सम्भव हुने भएको देखिन्छ ।

९. उपरोक्त एक कारण बाहेक, २००९/११ साल र २०१८ सालको बीचका बर्षहरुमा नेपालमा शिक्षाको बढी प्रसार हुन गई आर्थिक दृष्टिले काममा हुनेहरुको प्रतिशत २००९/११ सालमा भन्दा २०१८ सालमा केही घटि हुन गएको हुन सम्भव छ, किनकि सुलभ तरीकाले शिक्षा हासिल गर्न पाउने बढ्दो औसरहरुले गर्दा काम गर्न सक्ने उमेरका जनसंख्या, खासगरी १५-२४ बर्षकाहरु पनि बिद्योपार्जनमा लागि आर्थिक दृष्टिले काममा नभएका हुन सक्दछन् । २००९/११ साल र २०१८ सालको बीचका बर्षहरुमा उमेर अनुसार स्कूल उपस्थिति सम्बन्धी के कस्तो स्थिति थियो भन्ने ज्ञान आवश्यकीय लगतहरुको अभावमा केही थाहा हुन नसक्ने भए तापनि १५-२४ बर्षको उमेरको तहमा आर्थिक दृष्टिले काममा भएकाहरुको प्रतिशत २००९/११ सालमा ८४.२ प्रतिशतबाट २०१८ सालमा ८३.४ प्रतिशत भएबाट पनि उपरोक्त सम्भाब्यता तर्फ औंल्याउँछ ।

१०. प्रादेशिक भिन्नताको हकमा, २००९/११ मा आर्थिक दृष्टिले काममा हुनेहरुको प्रतिशत सबैभन्दा धेरै मध्ये भित्री मधेशमा (८७.० %) र सबैभन्दा कम प्रतिशत पूर्व तराई प्रदेशमा (६६.१ %) भएकोमा २०१८ मा सबैभन्दा धेरै प्रतिशत पूर्व भित्री मधेशमा (८७.२ %) र सबैभन्दा कम प्रतिशत पश्चिम भित्री मधेशमा (६१.७ %) हुन गएको पाइन्छ । त्यस्तै गरी लिंग अनुसार भएको भिन्नताको हकमा २००९/११ र २०१८ सालको दुबै गणनामा प्रत्येक प्रदेशहरुमा आर्थिक दृष्टिले काममा हुने नारीहरुको प्रतिशत भन्दा आर्थिक दृष्टिले काममा हुने नरहरुको प्रतिशत धेरै नै बढी हुन गएको देखिन्छ । २००९/११ मा आर्थिक दृष्टिले काममा हुनेहरुको सबैभन्दा बढी प्रतिशत नरहरु तर्फ पूर्व तराई प्रदेशमा (९७.२ %) र नारीहरु तर्फ मध्ये भित्री मधेशमा (७८.५ %) भएकोमा २०१८ मा नरहरु तर्फ पश्चिम तराई प्रदेशमा सबैभन्दा बढी प्रतिशत (९६.९ %) र नारीहरु तर्फ पूर्व भित्री मधेशमा (७९.५ %) भएको देखिन्छ ।

## आर्थिक दृष्टिले काममा नहुनाको कारण

उमेर पुगिसकेका (१५ बर्ष र सो भन्दा माथिका) जनसंख्या आर्थिक दृष्टिले काममा नहुनाको मुख्य कारणहरु के रहेछन् ? कुनै शारीरिक या मानसिक कमजोरीहरुको कारणले हो वा आफूले गर्नु पर्ने अरु नै काम मुख्य ठहरिएर हो वा काम नपाएर हो इत्यादि के कारणहरुले गर्दा हो सो जान्नको लागि आर्थिक दृष्टिले काममा नभएकाहरु निम्न लिखित मुख्य मुख्य दश कारणहरुमा छुट्याइएका छन् ।

यी हुन्

१) घर धन्दा गर्नेहरु

२) बृद्ध (बूढो)

३) विद्यार्थी
४) अंगभंग (हात खुट्टा वा अरु अंग भाँची काम गर्न नसक्ने भएको)
५) जीर्ण रोगी (छ महिना भन्दा बढी थलिएका)
६) महारोगी
७) पागल
८) जेल, अनाथालय, बालघर आदिमा पालिएकाहरु
९) आयस्ताबाट खाई बसी आमद हुने काम नगर्नेहरु। बाबुबाजेले वा आफूले पहिले नै आर्जेको धन लगाई त्यसबाट आयस्ता लिई हाल कुनै काम नगरी जीबिका गर्नेहरु। पेन्सन वालाहरु पनि हाल काम नगरेका भए यसैमा पर्दछन्।
१०) माथि उल्लेखित ९ कारणहरु मध्ये अरु कुनै कारण भएकालाई अन्य।

उपरोक्त किसिमसंग काम नहुनाको १० कारणहरुमा छुट्याइएका आर्थिक दृष्टिले काममा नहुनेहरुको प्रादेशिक भिन्नता के कस्तो रहेछ भनि हेर्नको लागि प्रत्येक प्रदेशहरुका आर्थिक दृष्टिले काममा नभएका नरहरु र नारीहरुलाई १००-१०० प्रतिशत मानी काम नहुनाको दश कारणहरुमा प्रतिशत बितरण गरी तलको तालिका सं. २ मा दर्शाइएको छ।

## तालिका सं. २ : आर्थिक दृष्टिले काममा नभएका जनसंख्या प्रतिशतमा, लिङ्ग, काममा नहुनाको कारण र प्रदेश अनुसार । नेपाल २०१८ साल

| आर्थिक दृष्टिले काममा नहुनाको कारण र लिङ्ग | जम्मा | | घर धन्दा | | बृद्ध | | बिद्यार्थी | | अंगभंग | | जीर्णरोगी | | महारोगी | | पागल | | जेल बाल घर आदि | | आयस्ता | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी |
| १) नेपाल | १००.० | १००.० | ३.७ | ८५.३ | ४५.० | १०.८ | २०.८ | ०.३ | ६.४ | ०.८ | २.९ | ०.४ | १.० | ०.१ | ०.६ | ०.१ | १.८ | + | २.६ | ०.४ | १५.२ | १.९ |
| २) पूर्व पहाड | १००.० | १००.० | १.७ | ८०.४ | ५८.३ | १४.९ | १२.९ | ०.२ | ७.७ | १.० | ३.७ | ०.८ | ०.६ | ०.१ | ०.५ | | १.१ | ०.१ | २.५ | ०.५ | ११.० | २.० |
| ३) पूर्व भित्री मधेश | १००.० | १००.० | १.५ | ७२.० | ६१.७ | २३.३ | १०.० | ०.१ | ८.८ | १.७ | ४.२ | ०.६ | ०.९ | ०.१ | ०.६ | ०.१ | १.६ | + | १.६ | ०.६ | ०.१ | १.९ |
| ४) पूर्व तराई (क+ख) | १००.० | १००.० | ४.६ | ९०.८ | २४.८ | ६.६ | ३१.१ | ०.१ | ४.६ | ०.३ | २.४ | ०.१ | ०.६ | + | १.० | | ५.१ | + | २.१ | ०.३ | २३.७ | १.८ |
| क) महोत्तरी | १००.० | १००.० | ४.१ | ८९.८ | २५.४ | ७.१ | २९.९ | ०.१ | ४.२ | ०.४ | २.४ | ०.२ | ०.५ | + | ०.९ | | ५.७ | + | १.७ | ०.४ | २५.२ | २.० |
| ख) पूर्व तराई (महोत्तरी बाहेक) | १००.० | १००.० | ६.७ | ९३.३ | २२.१ | ५.० | ३६.४ | ०.१ | ५.८ | ०.२ | २.७ | ०.१ | ०.८ | + | १.३ | | २.७ | + | ३.९ | ०.१ | १७.६ | १.२ |
| ५) काठमाडौं उपत्यका | १००.० | १००.० | ४.२ | ८०.३ | १८.० | ९.१ | ३६.८ | २.९ | १.६ | ०.४ | १.७ | ०.५ | १.५ | ०.३ | ०.२ | | ०.८ | ०.२ | ४.१ | ०.४ | ३.१ | ५.४ |
| ६) पश्चिम पहाड (क+ख) | १००.० | १००.० | ३.९ | ८१.५ | ५७.४ | १४.४ | १४.८ | ०.१ | ८.० | १.३ | ३.३ | ०.५ | १.४ | ०.१ | ०.६ | ०.१ | ०.७ | + | २.५ | ०.५ | ७.४ | १.५ |
| क) पश्चिम पहाड | १००.० | १००.० | २.२ | ८१.८ | ५८.५ | १४.५ | १६.६ | ०.१ | ७.५ | १.० | ३.६ | ०.६ | ०.९ | ०.१ | ०.७ | ०.१ | १.० | + | ३.३ | ०.७ | ५.७ | १.१ |
| ख) सु.प.पहाड | १००.० | १००.० | ६.० | ८१.१ | ५६.० | १४.३ | १२.४ | ०.१ | ८.७ | १.६ | ३.० | ०.४ | २.० | ०.१ | ०.५ | ०.१ | ०.५ | + | १.४ | ०.३ | ९.५ | २.० |
| ७) म.भि.मधेश | १००.० | १००.० | ४.४ | ७९.८ | ५९.५ | १५.५ | ९.० | ०.२ | ७.७ | १.१ | ३.० | ०.६ | १.३ | ०.१ | ०.५ | ०.१ | १.१ | – | २.० | ०.३ | ११.५ | २.३ |
| ८) प.भि. मधेश | १००.० | १००.० | ५.१ | ९३.१ | ४७.० | ५.९ | २९.४ | ०.१ | ५.९ | ०.३ | २.५ | ०.१ | ०.३ | + | ०.६ | | १.४ | + | १.५ | ०.२ | ६.३ | ०.३ |
| ९) पश्चिम तराई | १००.० | १००.० | ७.५ | ८९.८ | ३७.० | ८.१ | २४.२ | ०.१ | ७.० | ०.५ | १.७ | ०.१ | ०.९ | + | १.३ | ०.१ | ४.८ | + | २.३ | ०.४ | १३.३ | ०.९ |
| १०) सुदूर प.तराई | १००.० | १००.० | ६.५ | ९०.६ | ४४.१ | ६.९ | ११.६ | ०.१ | ९.२ | ०.६ | १.४ | ०.१ | ०.६ | + | ०.९ | ०.१ | २.८ | + | ०.६ | + | २२.३ | १.६ |

नोट : + = ०.१ प्रतिशत भन्दा कम

उपरोक्त तालिका सं. २ बाट यो स्पष्ट हुन आउँदछ कि सम्पूर्ण अधिराज्यमा नरहरु तर्फ आर्थिक दृष्टिले काममा नहुनाको मुख्य कारणहरु मध्ये बृद्ध भएकोले काममा नहुनु पहिलो मुख्य कारण र विद्यार्थी भएकोले काममा नहुनु दोस्रो मुख्य कारण रहेछ । नारीहरु तर्फ भने काममा नहुनाको कारणहरु मध्ये घरधन्दा पहिलो मुख्य कारण र बृद्ध हुनु दोस्रो मुख्य कारण रहेछ । यी दुइ मुख्य-मुख्य कारणहरु बाहेक अङ्गभङ्ग भएर, जीर्ण रोगी भएर, महारोगी भएर, पागल भएर, जेल, अनाथालय, बालघर आदिमा पालिएर वा आयस्ताबाट जीविका गर्ने भएर, काममा नहुनेहरुको प्रतिशत नर र नारीहरु दुबै तर्फ ज्यादै थोरै मात्र भएबाट काममा नहुनाको कारण रुपी समस्याहरुको दृष्टिबाट यी त्यत्तिको महत्वपूर्ण देखिदैनन् । तर नारीहरु तर्फ त्यत्तिको महत्वपूर्ण नभए तापनि नरहरु तर्फ १० मुख्य कारणहरु भन्दा भिन्दै अन्य मुख्य कारणले गर्दा काममा नहुनेहरुको प्रतिशत धेरै नै (१५.२ प्रतिशत) भएबाट २०१८ सालको जनगणनाले नरहरु आर्थिक दृष्टिले काममा नहुनाको अरु सम्भव कारणहरु उपर दृष्टि पुऱ्याउन नसेको बुझिन्छ र अब आउँदो जनगणनामा यस बिषय तर्फ उचित ध्यान पुऱ्याउन पर्ने देखिन्छ, साथै नारीहरु तर्फ यस्तो अन्य कारण हुनेहरुको प्रतिशत ज्यादै कम भएबाट नरहरु तर्फ, नारीहरु तर्फ जस्तै, काममा नहुनुको कुनै सरल र निश्चित कारण रहेनछ भन्ने कुरा पनि स्पष्ट हुन आउँदछ ।

प्रादेशिक भिन्नताको हकमा नरहरु तर्फ पूर्व तराई र काठमाडौं उपत्यका, दुइ प्रदेशहरु बाहेक बाँकी अरु प्रदेशहरुमा सम्पूर्ण अधिराज्य झैं बृद्ध भएकोले काममा नहुनु पहिलो मुख्य कारण र विद्यार्थी भएको हुनाले काममा नहुनु (सुदूर पश्चिम तराई १ प्रदेश बाहेक, जहाँ विद्यार्थी भएकोले काममा नहुनेहरुको प्रतिशत ११.६ %, अन्य कारणले काममा नहुनेहरुको प्रतिशत २२.३ % भन्दा कम छ ) दोस्रो मुख्य कारण भएको देखिन्छ । उक्त दुइ प्रदेशहरु ( पूर्व तराई र काठमाडौं उपत्यका) मा भने विद्यार्थी भएकोले काममा नहुनु पहिलो मुख्य कारण र बृद्ध भएकोले काममा नहुनु (काठमाडौं उपत्यका बाहेक, जहाँ बृद्ध भएकोले काममा नहुनेहरुको प्रतिशत १८.० % भन्दा अन्य कारणहरुले काममा नहुनेहरुको प्रतिशत ३१.१ % धेरै छ) दोस्रो मुख्य कारण भएको देखिन्छ । नारीहरु तर्फ चाहीं हरेक प्रदेशहरुमा सम्पूर्ण अधिराज्यकै झैं आर्थिक दृष्टिले काममा नहुनाको १० मुख्य कारणहरु मध्ये घरधन्दा पहिलो र बृद्ध हुनु दोस्रो मुख्य कारण भएको पाइन्छ । अङ्गभङ्ग भई काममा नहुनु, जीर्ण रोगी भई काममा नहुनु, महारोगी भई काममा नहुनु, पागल भई काममा नहुनु, जेल, अनाथालय, बालघर आदिमा पालिइ काममा नहुनु, वा आयस्ताबाट मात्र जीबिका गर्ने भई काममा नहुनु इत्यादि आर्थिक दृष्टिले काममा नहुनाको अरु कारणहरु नरहरु र नारीहरु दुबै तर्फ विभिन्न प्रदेशहरु मध्ये कुनै प्रदेशमा पनि आर्थिक दृष्टिले काममा नहुनाको महत्वपूर्ण कारण हुन आएको देखिदैन ।

## आर्थिक दृष्टिले काममा भएका जनसंख्याको पेशा बिभाजन

पेशा भनेको ब्यक्तिले गर्ने रोजगारी इलम हो । पेशाले ब्यक्तिले गरेको कामको किसिमलाई बताउँदछ । ब्यवसायले भने ब्यक्ति एक्लै बसेर वा समूह भई कुनै ठाउँमा बसी पैदा गरिने वस्तु वा सेवालाई जनाउँछ । जस्तो पेशामा टाइप गर्ने (Typist) भयो भने ब्यवसायमा सरकारी कार्यालयमा (सरकारी सेवा), कपडा उत्पादन गर्ने मील (Textile Manufacturing) जुत्ता कारखाना, फर्निचर पसल इत्यादि हुन सक्तछन् । अर्थात एउटै पेशामा धेरै किसिमको ब्यवसाय हुन सक्तछ । पेशा र ब्यवसाय हेर्दा सजिलो जस्तो देखिए तापनि छुट्याउन केही गाऱ्हो नै पर्ने हुन्छ । त्यसकारण अहिलेको पटक २०१८ को गणनामा २००९/११ सालको गणनामा गणकहरुलाई र उत्तर दिनेहरुलाई पेशा ब्यवसाय छुट्याउन गाऱ्हो परे जस्तै गाऱ्हो नपरोस भन्ने हेतुले परिभाषा तथा गणकहरुलाई दिइएको नियम निर्देशनहरु बिस्तृत रुपमा ब्याख्यान गरिनुका साथै पेशा, ब्यवसाय छुट्याइएका बिभिन्न उदाहरणहरु पनि दिइएको थियो ।

२००९/११ सालको गणनामा बिभिन्न कारणहरुले गर्दा पेशा अथवा ब्यवसाय कुनै एक मात्र पनि राम्ररी खुली आउन सकेन र ती दुबैको सहाराबाट ब्यवसायिक बर्गीकरण मात्र गरिएको थियो । २००९/११ मा पेशा सम्बन्धी प्रश्न गरिए तापनि पेशेवर वर्गीकरण हुन सकेन, त्यसकारण २०१८ को गणनामा गरिएको यो पेशेवार बर्गीकरण पहिलो बर्गीकरण हुन आएको छ ।

बिभिन्न पेशाहरु, संयुक्त राष्ट्रसंघले सिफारीस गरे अनुसारको, निम्नलिखित दश प्रमुख भागहरुमा बिभाजन गरिएका छन् । यी हुन :

| भाग | पेशा |
|---|---|
| ० | बिशेषज्ञ, प्राबिधिक र त्यस्तै किसिमका काम गर्नेहरु । |
| १ | प्रबन्धक, प्रशासक, तथा कारीन्दा सम्बन्धी काम गर्नेहरु । |
| २ | बिक्री र तत्सम्बन्धी काम गर्नेहरु । |
| ३ | खेती सम्बन्धी काम गर्नेहरु । |
| ४ | खनिज बस्तु खन्ने झिक्ने काम गर्नेहरु । |
| ५ | यातायातमा चालकको काम गर्नेहरु । |
| ६-७ | कारीगरी र बिभिन्न उत्पादन सम्बन्धी काम गर्नेहरु । |
| ८ | सेवा सम्बन्धी पेशा । |
| ९ | नखुलेका र खुलाउन नसकिने पेशा । |

उपरोक्त किसिमको पेशा बिभाजनको दश प्रमुख भागहरुमा बर्गीकरण गरिएका बिभिन्न पेशाहरु हुने आर्थिक दृष्टिले काममा भएका ब्यक्तिहरु कुन-कुन पेशामा कति-कति रहेछन् भनि हेर्न प्रत्येक प्रदेशहरुका जम्मा, नर र नारीहरु प्रत्येकलाई १००-१०० प्रतिशत मानी बिभिन्न पेशाहरुमा भएको प्रतिशत बितरण तलको तालिका सं. ३ मा दर्शाइएको छ ।

## तालिका सं. ३ : आर्थिक दृष्टिले काममा भएका जनसंख्या प्रतिशतमा लिङ्ग, पेशा (दश प्रमुख भाग) र प्रदेश अनुसार ।
## नेपाल २०१८ साल

| प्रदेश | जम्मा आर्थिक दृष्टिले काममा भएका | | | ० विशेषज्ञ प्राविधिक त्यस्तै किसिमका काम गर्नेहरु | | | १ प्रबन्ध प्रशासक तथा कारीन्दा सम्बन्धी काम गर्नेहरु | | | २ बिक्री र तत्सम्बन्धी काम गर्नेहरु | | | ३ खेती सम्बन्धी काम गर्नेहरु | | | ४ खनिज बस्तु खन्ने भिक्ने | | | ५ यातायात चालक को काम गर्ने | | | ६-७ कारीगरी बिभिन्न उत्पादनको काम गर्ने | | | ८ सेवा सम्बन्धी पेशा | | | ९ नखुलेको र खुलाउन नसकिने पेशा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी |
| नेपाल | १००.० | १००.० | १००.० | ०.४ | ०.६ | ०.१ | ०.४ | ०.७ | + | १.१ | १.५ | ०.५ | ९३.८ | ९१.७ | ९६.९ | + | + | + | ०.१ | ०.१ | + | २.२ | २.८ | १.४ | १.३ | १.८ | ०.५ | ०.७ | ०.८ | ०.६ |
| पूर्व पहाड | १००.० | १००.० | १००.० | ०.२ | ०.३ | + | ०.१ | ०.२ | + | ०.४ | ०.७ | ०.२ | ९६.६ | ९५.६ | ९७.९ | + | + | - | + | + | + | १.७ | १.९ | १.४ | ०.५ | ०.७ | ०.१ | ०.५ | ०.६ | ०.४ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | १००.० | ०.१ | ०.२ | + | ०.१ | ०.३ | + | ०.१ | ०.१ | ०.१ | ९८.५ | ९७.९ | ९९.० | - | - | - | + | + | - | ०.५ | ०.६ | ०.४ | ०.३ | ०.५ | ०.२ | ०.४ | ०.४ | ०.३ |
| पूर्व तराई क. ख. | १००.० | १००.० | १००.० | ०.६ | ०.९ | ०.१ | ०.४ | ०.५ | + | १.९ | २.१ | १.२ | ९१.४ | ९०.० | ९४.९ | + | - | + | ०.१ | ०.२ | + | २.८ | ३.१ | २.० | १.८ | २.२ | ०.९ | १.० | १.० | ०.९ |
| पूर्व तराई (क)महोत्तरी बाहेक | १००.० | १००.० | १००.० | ०.६ | ०.८ | ०.१ | ०.४ | ०.६ | + | १.८ | २.२ | १.० | ९१.२ | ८९.४ | ९५.३ | + | - | + | ०.२ | ०.२ | + | ३.० | ३.४ | २.० | १.८ | २.३ | ०.८ | १.० | १.१ | ०.८ |
| महोत्तरी (ख) | १००.० | १००.० | १००.० | ०.९ | १.० | ०.२ | ०.३ | ०.४ | + | १.९ | १.७ | २.४ | ९२.६ | ९२.५ | ९३.१ | - | - | - | + | + | - | ३.८ | १.९ | १.६ | १.६ | १.६ | १.५ | ०.९ | ०.९ | १.२ |
| काठमाडौं उपत्यका | १००.० | १००.० | १००.० | २.२ | ३.१ | ०.५ | ४.४ | ६.७ | ०.२ | ६.१ | ८.० | २.७ | ६५.४ | ५५.३ | ८४.१ | - | - | - | ०.८ | १.२ | - | ९.५ | ११.४ | ६.० | १०.० | २.३ | ५.७ | १.६ | २.० | ०.८ |
| पश्चिम पहाड (क+ख) | १००.० | १००.० | १००.० | ०.३ | ०.३ | + | ०.१ | ०.३ | + | ०.४ | ०.५ | ०.२ | ९६.६ | ९५.४ | ९८.१ | + | + | + | + | + | + | १.७ | २.२ | १.० | ०.३ | ०.६ | ०.१ | ०.६ | ०.७ | ०.६ |
| पश्चिम पहाड (क) | १००.० | १००.० | १००.० | ०.२ | ०.४ | + | ०.१ | ०.२ | + | ०.५ | ०.७ | ०.४ | ९६.६ | ९५.४ | ९८.१ | + | + | + | + | + | - | १.५ | २.० | ०.८ | ०.४ | ०.६ | ०.१ | ०.७ | ०.७ | ०.६ |
| सु.प.पहाड (ख) | १००.० | १००.० | १००.० | ०.२ | ०.३ | + | ०.१ | ०.२ | + | ०.३ | ०.४ | ०.२ | ९६.६ | ९५.६ | ९७.८ | + | + | - | + | + | + | १.९ | २.५ | १.३ | ०.३ | ०.५ | ०.१ | ०.६ | ०.५ | ०.६ |
| म.भि.मधेश | १००.० | १००.० | १००.० | ०.२ | ०.३ | ०.१ | ०.३ | ०.५ | + | ०.८ | १.१ | ०.३ | ९५.३ | ९३.२ | ९८.० | + | + | - | ०.१ | ०.२ | + | १.६ | २.४ | ०.६ | ०.९ | १.३ | ०.३ | ०.८ | १.० | ०.७ |
| प.भि. मधेश | १००.० | १००.० | १००.० | ०.३ | ०.४ | ०.१ | ०.४ | ०.५ | + | १.९ | २.२ | १.० | ९२.१ | ९१.५ | ९४.० | - | - | - | + | + | - | २.४ | २.७ | १.४ | १.६ | १.७ | १.२ | १.३ | १.० | २.३ |
| पश्चिम तराई | १००.० | १००.० | १००.० | ०.४ | ०.६ | + | ०.५ | ०.८ | + | १.७ | २.२ | ०.७ | ९३.१ | ९१.१ | ९७.२ | + | + | + | ०.१ | ०.१ | + | १.६ | २.१ | ०.६ | २.१ | २.६ | १.१ | ०.५ | ०.५ | ०.४ |
| सुदूर प.तराई | १००.० | १००.० | १००.० | ०.३ | ०.५ | ०.१ | ०.५ | ०.७ | + | २.१ | २.७ | ०.६ | ९१.० | ८८.९ | ९५.८ | - | - | - | ०.१ | ०.१ | + | २.२ | २.४ | १.५ | २.६ | ३.४ | १.० | १.२ | १.३ | १.० |

नोट : + ०.१ प्रतिशत भन्दा कम

माथिको तालिका सं. ३ बाट सम्पूर्ण अधिराज्यभरीका आर्थिक दृष्टिले काममा हुने व्यक्तिहरुको ९३.८ % (नरहरु तर्फ ९१.७ % नारीहरु तर्फ ९६.९ %) व्यक्तिहरुको खेती सम्बन्धी पेशा भएको देखिएबाट खेती नै नेपालको एक मात्र मुख्य पेशा रहेछ भन्ने कुरा स्पष्ट हुन आउँछ । खेती पछि, आर्थिक दृष्टिले काममा हुनेहरुको जम्मा २.२ % (नरहरु तर्फ २.८ % र नारीहरु तर्फ १.४ %) को पेशा भएको कारीगरी र बिभिन्न उत्पादन काम सम्बन्धी पेशा दोस्रो मुख्य पेशाको रुपमा रहेको पाइन्छ । सेवा सम्बन्धी पेशा (जसमा, जम्मा १.३ %, नर १.८ % र नारी ०.५ % भएको पाइन्छ) र बिक्री र तत्सम्बन्धी पेशा (जसमा, जम्मा १.१ %, नर १.५ % र नारी ०.५ % भएको पाइन्छ) बाहेक-बिशेषज्ञ, प्राविधिक र त्यस्तै किसिमका काम गर्नेहरु प्रबन्धक, प्रशासक, तथा कारीन्दा सम्बन्धी काम गर्नेहरु, खनिज बस्तु खन्ने झिक्ने काम गर्नेहरु इत्यादि अरु पेशा हुनेहरु ज्यादै अल्पसंख्यामा मात्र भएको देखिन्छ ।

देशको राजधानी काठमाडौं शहरको साथै अरु दुइवटा प्रमुख शहरहरु (ललितपुर र भक्तपुर) पनि भएको काठमाडौं उपत्यका एक प्रदेश बाहेक बाँकी सबै प्रदेशहरुमा खेती सम्बन्धी पेशामा मात्र नै आर्थिक दृष्टिले काममा भएकाहरुको ९० % भन्दा पनि केही बढी नै प्रतिशत भएको पाइन्छ । पेशा सम्बन्धी केही प्रादेशिक भिन्नता देखिए तापनि हरेक प्रदेशहरुमा खेती सम्बन्धी पेशा हुनेहरुको आधिक्यले गर्दा अरु बिभिन्न पेशा हुनेहरुको संख्या उत्तिको महत्वपूर्ण देखिदैन ।

## आर्थिक दृष्टिले काममा भएका जनसंख्या व्यवसाय बिभाजन :

आर्थिक दृष्टिले काममा भएका जनसंख्याको पेशेवार बर्गीकरणको बारेमा गरिएको टिप्पणीमा नै उल्लिखित गरिसकेझैं व्यवसाय भन्नाले व्यक्तिले आफ्नो रोजगारी इलम वा आफूले गरेको उद्यम कुन ठाउँ (कार्यालय) मा गर्दछ भन्ने जनाउदछ । त्यसैले व्यवसायले व्यक्ति एक्लै वा समूह भई कुनै ठाउँमा बसी पैदा गरिने बस्तु वा सेवालाई जनाउदछ । व्यक्तिले लिएको इलमलाई भने व्यक्तिको पेशाले जनाउदछ । जस्तो कुनै व्यक्तिको पेशा प्रशासक भयो भने उक्त व्यक्तिको व्यवसाय सरकारी कार्यालय (सरकारी सेवा वा जुत्ता कारखना (बस्तु पैदा गर्ने, रुपान्तर गर्ने) वा जुत्ता बेच्ने पसल (बाणिज्य ब्यापार) इत्यादि बिभिन्न व्यवसायहरु मध्ये जुनसुकै पनि हुन सक्तछ ।

बिभिन्न किसिमका व्यवसायहरुलाई २००९/११ र २०१८ को गणनामा संयुक्त राष्ट्र संघले सिफारीस गरे अनुसारका, निम्न लिखित दश प्रमुख भागहरुमा बिभाजन गरिएका छन । यी हुन :

| भाग | व्यवसाय |
|---|---|
| ० | खेती, बन, शिकार र मत्स्यपालन |
| १ | खनिज बस्तु खन्ने झिक्ने |
| २-३ | बस्तु पैदा गर्ने (रुपान्तर गर्ने) |
| ४ | निर्माण सम्बन्धी व्यवसाय |
| ५ | बिजुली, ग्याँस, पानी र सामुदायिक सफाइ सम्बन्धी सेवाहरु |
| ६ | बाणिज्य ब्यापार |
| ७ | यातायात, गोदाम, तथा संचार |
| ८ | सेवा सम्बन्धी व्यवसाय |
| ९ | राम्ररी खुलिनआएका र खुलाउन नसकिने व्यवसाय |

२००९/११ सालको गणनाबाट देखिएको व्यवसायिक बिभाजन र २०१८ सालको गणनाबाट देखिन आएको व्यवसायिक बिभाजनमा के कस्तो परिवर्तन देखा परेको रहेछ भन्ने कुरा दर्शाउन तलको तालिकाहरु नं. ४ र ४ (क) मा क्रमश: २००९/११ र २०१८ सालको गणनाबाट देखिन आएका हरेक प्रदेशहरुका आर्थिक दृष्टिले काममा भएका

जम्मा, नर, नारीहरु प्रत्येकलाई १००-१०० प्रतिशत मानी उपरोक्त किसिमको व्यवसाय बिभाजनका दश भागहरुमा भएको प्रतिशत बितरण देखाइएको छ ।

**तालिका नं. ४ : आर्थिक दृष्टिले काममा भएका जनसंख्या प्रतिशतमा, लिङ्ग, व्यवसाय (दश प्रमुख भाग) र प्रदेश अनुसार ।**

**नेपाल २००९/११ साल**

| प्रदेश | आर्थिक दृष्टिले कामा लागेकाको कुल जम्मा | | | कृषि, बन, तथा मत्स्यपालन | | | खनिज बस्तु खन्ने झिक्ने | | | उत्पादन (कृषि बाहेक) | | | निमार्ण | | | बिजुली ग्याँस पानी | | | बाणिज्य ब्यापार | | | यातायात संचार | | | बिबिध सेवाहरु | | | नखुलेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी |
| सम्पूर्ण नेपाल | १००.० | १००.० | १००.० | ९३.४ | ९१.५ | ९६.० | + | + | – | २.० | २.२ | १.६ | ०.२ | ०.३ | ०.१ | + | + | + | १.४ | १.९ | ०.८ | ०.५ | ०.६ | ०.४ | २.३ | ३.३ | ०.९ | ०.२ | ०.२ | ०.२ |
| पूर्व पहाड | १००.० | १००.० | १००.० | ९७.० | ९६.१ | ९८.१ | – | – | – | १.२ | १.५ | ०.९ | ०.१ | ०.१ | + | + | + | – | ०.४ | ०.६ | ०.३ | ०.२ | ०.२ | ०.२ | ०.९ | १.३ | ०.९ | ०.२ | ०.२ | ०.२ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | १००.० | ९७.६ | ९७.२ | ९८.३ | – | – | – | १.१ | १.२ | ०.९ | + | + | + | + | + | – | ०.२ | ०.२ | ०.२ | ०.१ | ०.१ | ०.१ | ०.७ | १.० | ०.२ | ०.३ | ०.३ | ०.३ |
| पूर्व तराई | १००.० | १००.० | १००.० | ९१.८ | ९०.९ | ९४.४ | – | – | – | १.४ | १.५ | १.० | ०.३ | ०.३ | ०.१ | + | + | + | २.२ | २.३ | १.९ | १.२ | १.१ | १.३ | ३.० | ३.८ | १.२ | ०.१ | ०.१ | ०.१ |
| काठमाडौं उपत्यका | १००.० | १००.० | १००.० | ६४.४ | ५७.७ | ७८.० | – | – | – | ४.९ | ५.२ | ४.२ | १.३ | १.९ | ०.३ | ०.३ | ०.४ | ०.३ | ९.० | ११.४ | ४.० | ३.१ | ३.४ | २.५ | १४.९ | १८.२ | ८.० | २.१ | १.८ | २.७ |
| पश्चिम पहाड | १००.० | १००.० | १००.० | ९५.४ | ९४.२ | ९६.८ | + | + | – | २.६ | ३.० | २.१ | ०.१ | ३.१ | | + | + | – | ०.७ | ०.९ | ०.५ | ०.१ | ०.१ | ०.१ | १.० | १.६ | ०.४ | ०.१ | ०.१ | ०.१ |
| मध्य भित्री मधेश | १००.० | १००.० | १००.० | ९५.४ | ९३.६ | ९७.२ | – | – | – | १.४ | १.६ | १.१ | + | ०.१ | | + | + | – | ०.६ | ०.७ | ०.५ | ०.१ | ०.२ | ०.१ | २.५ | ३.७ | १.१ | + | ०.१ | + |
| पश्चिम भित्री मधेश | १००.० | १००.० | १००.० | ९०.३ | ८८.४ | ९३.९ | – | – | – | १.७ | १.८ | १.७ | ०.२ | ०.२ | ०.१ | – | – | – | २.६ | ३.२ | १.५ | + | + | + | ५.२ | ६.४ | २.८ | + | + | – |
| पश्चिम तराई | १००.० | १००.० | १००.० | ९२.१ | ९०.४ | ९५.४ | – | – | – | १.० | १०.९ | ०.९ | ०.३ | ०.४ | ०.२ | + | + | + | २.२ | २.७ | १.३ | ०.३ | ०.३ | ०.३ | ४.० | ५.१ | १.९ | ०.१ | ०.१ | ०.१ |
| सुदूर पश्चिम तराई | १००.० | १००.० | १००.० | ९२.१ | ९०.६ | ९४.७ | – | – | – | १.३ | ०.९ | २.० | ०.३ | ०.४ | ०.३ | + | + | + | २.२ | २.६ | १.४ | ०.१ | ०.२ | + | ४.० | ५.३ | १.६ | + | + | + |

नोट : + = ०.१ प्रतिशत भन्दा कम

## तालिका नं. ४ (क) : आर्थिक दृष्टिले काममा भएका जनसंख्या प्रतिशतमा, लिङ्ग, व्यवसाय (दश प्रमुख भाग) र प्रदेश अनुसार ।
## नेपाल २०१८ साल

| व्यवसाय / प्रदेश | ० खेती, बन, शिकार र मत्स्यपालन | | | १ खनिज बस्तु खन्ने झिक्न | | | २-३ बस्तु पैदा गर्ने (उत्पादन) | | | उत्पादन (कृषि बाहेक) | | | ४ निर्माण सम्बन्धी व्यवसाय | | | ५ बिजुली ग्याँस, पानी र सामुदायिक | | | ६ बाणिज्य ब्यापार | | | ७ यातायात गोदाम तथा संचार | | | ८ सेवा सम्बन्धी व्यवसाय | | | ९ राम्ररी खुली नआएको र खुलाउन नसकिने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी | जम्मा | नर | नारी |
| नेपाल | १००.० | १००.० | १००.० | ९३.८ | ९१.७ | ९६.९ | + | + | + | १.९ | २.३ | १.२ | ०.१ | ०.२ | + | + | ०.१ | + | १.१ | १.५ | ०.५ | ०.४ | ०.५ | ०.२ | १.९ | २.८ | ०.६ | ०.८ | ०.९ | ०.६ |
| पूर्व पहाड | १००.० | १००.० | १००.० | ९६.६ | ९५.६ | ९७.८ | + | + | – | १.६ | १.७ | १.४ | + | १.१ | + | + | + | + | ०.४ | ०.६ | ०.२ | ०.२ | ०.२ | + | ०.७ | १.२ | ०.२ | ०.५ | ०.६ | ०.४ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | १००.० | ९८.५ | ९७.९ | ९९.० | + | – | – | ०.५ | ०.६ | ०.३ | + | + | – | – | – | – | ०.१ | ०.१ | ०.१ | + | ०.१ | + | ०.५ | ०.८ | ०.२ | ०.४ | ०.५ | ०.४ |
| पूर्व तराई (क+ख) | १००.० | १००.० | १००.० | ९१.५ | ९०.१ | ९४.८ | – | + | + | १.९ | २.३ | १.० | ०.१ | ०.१ | + | + | + | + | १.९ | २.१ | १.२ | १.० | १.० | १.० | २.६ | ३.३ | १.० | १.० | १.१ | ०.९ |
| पूर्व तराई (क)महोत्तरी बाहेक | १००.० | १००.० | १००.० | ९१.३ | ८९.५ | ९५.२ | + | + | + | २.० | २.५ | १.० | ०.१ | ०.१ | + | + | + | + | १.९ | २.३ | १.० | १.१ | १.१ | १.१ | २.६ | ३.४ | ०.९ | १.० | १.१ | ०.८ |
| महोत्तरी (ख) | १००.० | १००.० | १००.० | ९२.६ | ९२.५ | ९३.१ | + | + | – | १.६ | १.७ | १.३ | ०.१ | ०.१ | + | + | + | + | १.९ | १.७ | २.५ | ०.३ | ०.३ | ०.३ | २.६ | २.८ | १.६ | ०.९ | ०.९ | १.२ |
| काठमाडौं उपत्यका | १००.० | १००.० | १००.० | ६५.७ | ५५.८ | ८४.१ | ०.१ | ०.१ | + | ७.२ | ८.३ | ५.३ | १.५ | २.२ | ०.२ | ०.५ | ०.६ | ०.३ | ६.४ | ८.४ | २.७ | २.० | २.७ | ०.६ | १५.० | १९.९ | ६.० | १.६ | २.० | ०.८ |
